शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
५ नं. प्रदेश नेपाल
२०७३

**ठेक्का सम्बन्धि शर्तहरु**

१. प्रचलित नेपाल कानुन बमोजिम मू.अ.करमा दर्ता भै प्रमाणपत्र लिएका ठेकेदार फर्महरुले टेण्डर खरिद गरी सूचना बमोजिमको शर्तका आधारमा दाखिला गर्नु पर्नेछ ।

२. बोलपत्रमा लेखिएका अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । ठेकेदारबाट कुनै शर्त राखिएको र रित नपुगेको बोलपत्रमाथि कुनै कारवाही गरिने छैन ।

३. उपरोक्त न्यूनतम अंकमा मूल्य अभिबृद्धि कर तथा अग्रिम आयकर समावेश गरिएको छैन । ठेकेदारले रोयल्टी असुल गर्दा तोकिए बमोजिमको मुल्य अभिबृद्धि कर समेत असुल गर्नुपर्नेछ ।

४. ठेकेदारहरुले ठेक अङ्कको ६०% ले हुने रकम, सोको मु.अ.कर वापतको रकम एकमुष्ट ठेक्का सम्झौताका बखत जम्मा गर्नु पर्नेछ र बांकी दोश्रो किस्ता वापतको ४०% ले हुने रकम ०७६ साल जेष्ठ १५ गते भित्र वा कूल उत्खनन् परिमाणको ७५% परिमाण मध्ये जुन पहिला हुन्छ सोही मितिमा बुझाउनु पर्नेछ ठेक्का सम्झौताका वखत बुझाउन बाँकी ४०% रकम बराबरको बैंक ग्यारेन्टी (नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकको २०७६ श्रावण मसान्त सम्म म्याद भएको फरफरमेन्स बण्ड) पेश गर्नु पर्नेछ ।

५. गाउँपालिका र ठेकेदार विच ठेक्का संचालन सम्बन्धि विवाद परि वा अन्य कुनै कारणबाट गाउँपालिकालाई तिर्नुपर्ने रकम बाँकी रही असुल उपर गर्नु परेमा वार्षिक १०% का दरले हर्जाना व्याज क्षतिपुर्ति र मुद्दा मामिला गर्दा हुने सम्पूर्ण खर्च समेत ठेकेदारबाट असुल उपर गरिने छ ।

६. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बिक्री आदेश रोक्का गरी बाँकी रहेको किस्ता असुल उपर गर्ने तर्फ आवश्यक कानूनी कारवाही गरिनेछ । असुल उपर गर्न बाँकी रहेको रकममा वार्षिक १०% थप क्षतिपुर्ति स्वरुप असुल गर्न सकिनेछ

७. कुनै हडताल, बन्द, नाकाबन्दी, चक्काजाम, स्थानीय विवाद वा यस्तै अन्य कारणबाट बस्तु निकासी नभएको वा अन्य कुनै कारणबाट घाटा भएको भनि कुनै प्रकारको मिन्हा वा छुट दावा गर्न पाईने छैन ।

८. टेण्डर खरिद गर्दा राखेको धरौटी रकमलाई किस्तामा समावेस गर्न पाईने छैन ।

९. कार्यालय बाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिईने छैन ।

१०. शिलबन्दी बोलपत्र दर्ता गर्ने र खोल्ने मितिमा सार्वजनिक विदा परेमा विदा लगतै कार्यालय खुलेको दिन निर्धारित समयमा बोलपत्र दर्ता गर्न र खोल्ने कार्य हुनेछ।

११. दर्ता हुन आएका बोलपत्रहरु स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार गाउ.पा. कार्यालयलाइ हुनेछ ।

१२. कार्यालय र ठेकदार बिच कुनै किसिमको विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुने छ ।

१३. ठेकदारले सम्झौता पत्रमा तोकिएको वस्तुमा मात्र तोकिए बमोजिमको दरमा कर संकलन गर्नु पर्ने छ ।सो भन्दा बढी परिणाम र दररेटमा कर तथा मालबस्तु उठाउन पाइने छैन । तोकिए बमोजिम बाहेक माल संकलन गरेमा नियमानुसार कारवाही गरिने छ ।

१४. ठेकदारले नदीजन्यपदार्थ कार्यालयले तोकेको ठाउँमा घाटगद्दी गर्नुपर्न छ र खोला तथा घाट गद्दी स्थलमा सम्पुर्ण जानकारी सहितको सूचना पाटी ठेकदार आफैले बनाई सँबैले देख्ने गरी राख्नुपर्ने छ ।

१५. ठेदारले नदीजन्य पदार्थ बिक्रीगर्न प्रयोग गर्ने नगदी रसिद गाउँपालिका कार्यालय बाट प्रमाणित गराएर मात्र प्रयोग गर्नु पर्ने छ ।

१७. ठेकदारले उपरोक्त बमोजिमका शर्तहरु पालना नगरेमा गाउँपालिका कार्यालयले कुनैपनि बखत ठेक्का तोडन सक्ने छ ।

१८. प्रदेश सरकार प्रदेश न. ५ द्धारा जारी गरिएको नदीजन्यपदार्थ व्यवस्थापन कार्यविधि २०७५ पूर्णरुपमा पालना गर्नूपर्ने छ ।

१९ ठेकदार ले .यस गाउँपालिकालाई विभिन्न आयोजनाहरु संचालन तथा सम्पन्न गर्न आवस्यक पर्ने नदीजन्य पदार्थ सहुलियत दरमा उपलब्ध गराउनुपर्ने छ ।

अनन्तपाणि मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
५ नं. प्रदेश नेपाल
२०७३

**उत्खनन् सम्बन्धि शर्तहरु**

१. ठेक्का स्वीकृत भएपछि गाउँपालिकाका प्राविधिकबाट उत्खनन् स्थलको चारैतर्फ सिमांकन गरिनेछ । सोही सिमाक्षेत्र भित्रबाट मात्र नदीजन्य पदार्थको उत्खनन् र तोकीएको ठाउँमा घाटगद्दी गरी संकलन गर्नुपर्नेछ ।

२. उत्खनन् गर्ने नदी/घाट वरपर रहेका नदी संरक्षणको कार्यमा संलग्न समितिका व्यक्तिसंग आवश्यक समन्वय गरेर उत्खनन् कार्य गर्नुपर्नेछ ।

३. उत्खननको समय विहान ७ बजे देखि प्रारम्भ गरि साँझ ६ बजे सम्म मात्र गर्नुपर्नेछ ।

४. उत्खनन् गर्दा नदीको धारलाई असर नपार्ने गरि उत्खनन् गर्नु पर्नेछ । उत्खनन् क्रममा काम नलाग्ने भनि छाडिएका मालबस्तु नदिको धारलाई असर पार्ने गरि यत्रतत्र छाड्न पाईने छैन । यस्ता पदार्थ जुन स्थानबाट निकालिएको हो सोही स्थलमा मिलाएर राख्नुपर्नेछ ।

५. तोकिएको क्षेत्र बाहेक अन्यत्र स्थानबाट उत्खनन् गरेको पाईएमा वा सम्झौतामा उल्लेख गरिएको परिमाण भन्दा बढी उत्खनन पाईएमा सोको परिमाण यकिन गरी ठेकेदारबाट दोब्बर राजश्व असुली गरीने छ ।

**बिकी वितरण तथा ओसार पसार सम्बन्धि शर्तहरु**

१. नदीजन्य पदार्थ बिकी गर्नुपुर्व ठेकेदारले सिलसिलेवार नम्बर सहितको तिन प्रति भएको कर बिजक रसिदहरु छपाई यस कार्यालयबाट प्रमाणित गराउनुपर्नेछ । बिक्रीवितरण गर्दा अनिवार्य रुपमा खरिदकर्तालाई पहिलो प्रति रसिद दिनुपर्नेछ । कर बिजक बेगर मालबस्तु बिक्री वितरण वा ओसारपसार गर्न पाईनेछैन ।

२. ढुवानी गर्दा सवार साधनको टाली/ढाला भन्दा माथि सम्म आउने गरि मालवस्तु भरेर बाटोमा खसाल्दै ढुवानी गर्न पाईने छैन । साथै टाली/ढाला राम्रोसंग बन्द गरि बाटोमा नखस्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३. ढुवानी गर्ने सवारीले घाटगद्दी स्थलबाटै राम्रोसंग ढाकेर लैजानु पर्नेछ र सवारीको गति समेत ४० कि.मी. प्रति घण्टा भन्दा बढीमा हाक्न पाउने छैन ।

४. ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।

५. नेपाल सरकारको निर्णय अनुसार नदीजन्य पदार्थ विदेश निकासी बन्द भएको हुंदा यस ठेक्का लिएको कारणबाट विदेश निकासी गर्न पाईने छैन ।

६ . मूलबाटोबाट घाट तर्फ सवारी साधन प्रबेश हुने मार्गको नियमित मरमत गर्ने कार्य ठेकेदारको तर्फबाट गर्नु पर्नेछ । सो वापतको खर्च रकम दावी गर्न पाईने छैन ।

७. वातावरणमा प्रतिकुल प्रभाव पर्नेगरी कुनै कार्य गर्न पाईनेछैन । साथै IEE प्रतिवेदनमा उल्लेखित शर्तहरु पुर्ण रुपमा पालना गर्नुपर्नेछ । साथै यस कार्यालयबाट समय समयमा दिएका निर्देशनहरु पालना गर्नु पर्नेछ ।

८. यसमा उल्लेख भएको कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

९ . गाउंपालिका कार्यालय बाट र जिल्ला समन्वय समिति बाट अनुगमन गर्दा कानून् र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने छ ।

यसमा उल्लेख भएको कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत